सामुदायिक वनको काठ,दाउरा संकलन तथा बिक्री बितरण निर्देशिका, २०७१ को अनुसूची १६अनुसारको फारम

श्री हजारबिघा सामुदायिक वन उपभोक्ता समूह,
केरावारी गा.पा.-०३,मोरङ। पान नं.६०३९३९८२०

# चिरान काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना।

**दोश्रो पटक सूचना प्रकाशन मिति :- २०८२/०३/०७**

यस समुहले आ.ब.०८०/०८१ मा नियमानुसार संकलन गरि समुहको घाटगद्धीमा सुरक्षित गरेका निम्न जात,थान,परिमाणको चिरान काठ यस समूहको साधारण-सभावाट मिति २०८१/०७/१४ को निर्णय अनुसार डिभिजन वन कार्यालय मोरंगको च.नं. ५६३८ मिति २०८१/१२/०४ को पत्रवाट समूह बाहिर बिकि वितरण गर्न सहमति भए बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयावाट लिलाम विक्री गर्नु पर्ने भएकोले समूहको बैठकबाट कायम भएको न्यूनतम मूल्यलाई आधारमानी यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली,२०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल तथा कच्चा पदार्थको रुपमा प्रयोग हुने उद्योग मात्र। यो सूचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०३/०७ मा तेश्रो पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरि ८ औं दिनको दिउँसो १:०० वजे सम्म बोलपत्र खरिद गरेको कार्यालयमा नै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ। साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्नगएमा सोको भोलीपल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

## तपसिल:

(१) वन पैदावारको विवरण :- संलग्न संक्षिप्त लगत तालिकामा उल्लेखित लट बिवरण बमोजिम।

(२)बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :-

(क) अन्तिम मिति :- २०८२/०३/१३

(ख) समय : दिनको कार्यालय समय सम्म।

(ग) खरिद गर्ने स्थान :-

- हजारबिघा सा.व.उ.स.को कार्यालय, केरावारी गा.पा.-०८, मोरङ।
- डिभिजन वन कर्यालय.मोरङ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :-

(क) अन्तिम मिति : - २०८२/०३/१५

(ख) समय दिउँसो १:०० बजे सम्म।

(ग) दाखिला गर्ने स्थान :-

- हजारबिघा सा.व.उ.स.को कार्यालय, केरावारी गा.पा.-०८, मोरङ।
- डिभिजन वन कर्यालय.मोरङ।

(४) बोलपत्र यसै सूचनाको बुँदा नं.२ मा तोकेको स्थान, मिति, समय भित्र बोलपत्र खरिद गरी बुदाँ नं.३ मा तोकेको स्थान, मिति, समय भित्र बोलपत्र दाखिला गर्नु पर्ने छ। साथै बोलपत्र खरिद गरेको कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(५) यस समुहको नाममा केराबारी स्थित एन. एम. वि. बैंक को चल्ती हिसाब नं.०५९००३१९६८३०००१७ मा सकार गरेको रकमको १०% प्रतिशतले हुन आउने

धरौटी रकम नगद जम्मा गरेको सक्कल भौचर/ बैंक जमानी समावेश गर्नुपर्ने छ।

(६) बोलपत्र फारम नियमानुसार रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यसै सुचनाको बुँदा नं.२ मा तोकिएको स्थानवाट खरिद गर्न सकिनेछ र सो को लागि बोलपत्र फारम खरिद बापत लाग्ने रकम सम्वन्धित सा.ब.उ.स.को खातामा दाखिला गरेको बैंक भौचर/ नगदी रसिद साथै राखेर पेश गर्नुपर्ने छ।

(७) लिलाम बढाबढ हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ र जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ।

(८) लिलाममा भाग लिने सुचिकृत स:मिल तथा कच्चा पदार्थमा प्रयोग हुने उद्योगका प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर ( PAN ) दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र खरिद गर्दा निवेदनसाथ र बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

(९) रीतपूर्वक दर्ता भएका बोलपत्रहरु संकलन गरी हजारबिघा सा.व.उ.स. केराबारी गा.पा. वार्ड नं.-०८ को कार्यालयमा मिति २०८२/०३/०४ मा दिउँसो ३:०० बजे बिभिन्न कार्यालय तथा संघ, संस्थाको साथै ब्यवसायी प्रतिनिधीहरुको रोहवरमा खोलिने छ।

(१०) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम समूहमा दाखिला गर्नुपर्ने छ तथा डि.व.का.वाट लिलाम बिकी समर्थन भए पश्चात सकारमुल्य र नियमानुसारको मूल्य अभिबृद्धि कर १३% समेत वुझाई लिलाम बिकीमा चढाएको वन पैदावार बाँकी प्रकृया पुरागरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

(११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

(१२) बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु समुहको निर्णय अनुसार हुनेछ।

(१३) समुहले स्वीकृत गरेको बोलपत्रलाई समर्थन गर्ने अन्तिम निर्णय डिभिजन बन कार्यालय मोरङको हुनेछ।

क्रमश:

.....................
रुद्र बहादुर खत्री

अध्यक्ष
रुद्रबहादुर खत्री
श्री हजारविघा सा.व.उ.स.
केराबारी-८, मोरङ

श्री हजारबिघा सामुदायिक वन उपभोक्ता समूह, केरावारी गा.पा.-०८ मोरङ ।

श्री हजारबिघा सामुदायिक वन उपभोक्ता समूह केराबारी-८, मोरङ स्था. २०५४

## वन पैदावारको विवरण तालिका :-

| लट नं. | किसिम | जात | चिरान थान | चिरान परिमाण (क्यू.फी) | चिरान परिमाण लाई गोलियामा परिमाण (क्यू.फी) | काठ कटान, संकलन खर्च सहित न्यूनतम मुल्य प्रति क्यू.फी.रु | जम्मा न्यूनतम मुल्य संकलन खर्च चिरान खर्च सहित रु. | संकलन खर्च सहित जम्मा सकार रकम रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १/०८१-०८२ | चिरान | साल | ७६६ | १९८.९२ | २७८.४९ | १६०५ | ४४६९७३.२४ | | |
| | | असना | ९५५ | २८४.९१ | ३९८.८७ | ८०५ | ३२१०९३.५७ | | |
| | | जामुन | ४९ | १६.६८ | २३.३५ | ८०५ | १८७९८.३६ | | |
| | | कर्मा | १११ | '३०.५८ | ४२.८१ | ८०५ | ३४४६३.६६ | | |
| | | बो. ध. | १२१ | ३८.८५ | ५४.३९ | ५०५ | २७४६६.९५ | | |
| | | जम्मा- | २००२ | ५६९.९४ | ७९७.९२ | – | ८,४८,७९५/७८ | | |
| | | कुल जम्मा | | | | | ८,/४८,७९५/७८ | | |

ईति सम्वत २०८२ साल असार महिना ०७ गते रोज ०७ मा शुभम् ---------------------------

..........................................

रुद्र बहादुर खत्री

अध्यक्ष

अध्यक्ष

श्री रुद्रबहादुर खत्री

श्री हजारबिघा सा.व.उ.स.

केराबारी-८, मोरङ